बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:- २०८२।०८३
च.नं.:-

## करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

संशोधन गरि पुन: प्रकाशन मितिः २०८३।०१।२८

वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमूलक बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकारको द्विपक्षीय पहल अन्तर्गत सञ्चालन भइरहेको हो। कार्यक्रम संघ, प्रदेश तथा स्थानीय सरकारको साझेदारीमा कार्यान्वयन भइरहेको छ। साथै, स्वीस सरकारको विकास सहयोग (SDC) को तर्फबाट Helvetas Nepal ले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ।

यस कार्यक्रम अन्तर्गत बेलौरी नगरपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी गुणस्तरीय सूचनामा पहुँच तथा परामर्श सेवा, वैदेशिक रोजगारीसँग सम्बन्धित समस्यामा परेका व्यक्ति तथा उनीहरूका परिवार सदस्यको न्यायमा पहुँच सुनिश्चित गर्न सहयोग तथा सहजीकरण, साथै मनोसामाजिक परामर्श सेवा सञ्चालन भइरहेका छन् । यसै सन्दर्भमा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतना अभिवृद्धि गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित सेवा आवश्यक पर्ने व्यक्ति तथा परिवारको पहिचान गरी त्यस्ता सेवा तथा सुविधा प्राप्तिका लागि सम्बन्धित निकायमा सूचना तथा जानकारी प्रवाह गर्न र मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न निम्नानुसारको जनशक्तिको आवश्यकता परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले देहाय बमोजिमका कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिनभित्र कार्यालय समयमा दरखास्त फाराम भरी सक्कल प्रति यस कार्यालयमा पेश गर्नुहुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

१. विज्ञापन नम्बर. ०१/०८२/८३

| क्र.स. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ जना | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ /मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्क/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वस्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ । |

खेम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

प.सं.:- २०८२।०८३
च.नं.:-

| | | | |
|---|---|---|---|
| | | | ▪ मनोसामाजिक परामर्श सम्बन्धी क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई प्राथमिकता दिईनेछ।<br>▪ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको<br>▪ प्रचलित कानून बमोजिम सरकारी सेवाको लागि आवेदन दिन योग्य।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिईएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नुपर्ने छ।<br>▪ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने। |

**१. आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख) शैक्षिक योगयताको प्रमाणपत्रका प्रतिलिपिहरु
ग) तालिमको प्रमाणपत्रको प्रतिलिपि
घ) कार्यानुभवको कागजातको प्रतिलिपि
ङ) राजश्व बुझाएको रसिद
च) ३ प्रति पासपोर्ट फोटो

२. **परिक्षाको किसिम :** लिखित, अन्तरवार्ता र प्रयोगात्मक

**३.** दरखास्त फारम बेलौरी नगरपालिकाको वेवसाइट www.belaurimun.gov.np बाट प्राप्त गर्न सकिने छ।

**४. दरखास्त दिने स्थान:-** बेलौरी नगरपालिका, रोजगार सेवा केन्द्र, बेलौरी, कञ्चनपुर।

**५. दरखास्त दिने अन्तिम मिति:-** २०८३/०१/३० (दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन)

**६. कार्य अवधि:** २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मुल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ।

**७. तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार।

**८. आवेदन दस्तुर:-** रु. ७००।- (बेलौरी नगरपालिका राजश्व शाखामा बुझाउनुपर्ने छ।)

९. तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

रवि राज जोशी
प्रमुख प्रशासकीय अधिकृत